# नेपाल सरकार
## अर्थमन्त्रालय
## आन्तरिक राजस्व विभाग
## आन्तरिक राजस्व कायालय टंगाल
## नागरिक बडापत्र (CITIZEN CHARTER)

| सि.नं. | सेवाको प्रकार | आवश्यक कागजात तथा प्रक्रिया | शुल्क तथा दस्तुर | लाग्ने समय | शाखा/कोठा काउण्टर | गुनासो सुनुवाई गर्ने व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | **व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN), स्थायी लेखा नम्वर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको लागि** | आन्तरिक राजस्व विभागको वेभ साइट www.ird.gov.np मा Taxpayer Portal को Integrated Tax System मा गई Registration अन्तर्गत आफ्नो लागि तोकिएको फाराम प्रविष्टि गरी Submission नम्बर प्राप्त गरी उक्त दर्ता विवरण प्रिन्ट गरी देहायका कागजात सहित कार्यालयमा पेश गर्नुपर्ने<br>**व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) लिनको लागि**<br>• हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• गैर नेपाली नागरिकको लागि आधिकारिक परिचयपत्रको प्रतिलिपि<br>• रोजगारदाताले रोजगारी प्रमाणित गरेको पत्र<br>**व्यक्तिगत (प्रोप्राइटरसीप) फर्मको लागि**<br>• व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति<br>• आफ्नै घर कारोवार गर्ने भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि<br>• बहाल/भाडामा भए घर/जग्गा भाडाको सम्झौतापत्रको प्रतिलिपि<br>• गैर नेपाली नागरिकको लागि आधिकारीक परिचयपत्रको प्रतिलिपि<br>• यस अघि PPAN लिई सकेको भएमा सो कार्ड पेश गर्ने वा PPAN नम्बर उल्लेख गर्नु पर्ने<br>**निकायको लागि**<br>• प्रवन्ध पत्र एवं नियमावली वा साझेदारी सम्झौतापत्र वा विधानको प्रतिलिपि<br>• कम्पनीको सञ्चालक वा साझेदारहरु वा संस्थाको कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपिहरु<br>• PAN दर्ता गर्ने तथा फोटो टाँस गरी प्रमाणपत्र लिने व्यक्तिको अधिकारपत्र र माइन्युट लगायतका कागजतका प्रतिलिपिहरु र उक्त व्यक्तिको पासपोर्ट साइजको फोटो २ प्रति<br>• निकाय/संस्थाको छाप र स्थायी लेखा नम्बर लिने पत्र<br>• निकायको आफ्नै घर भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि<br>• बहाल/भाडामा भए घर/जग्गा भाडाको सम्झौतापत्रको प्रतिलिपि<br>**निकायको संयुक्त उपक्रम (Joint Venture) को लागि**<br>• फर्महरु बीचको सम्झौता/प्रवन्धपत्र<br>• सबै फर्महरुको कर चुक्ताको प्रमाणपत्र<br>• कार्य प्रदान गर्ने निकायसंगको सम्झौतापत्र वा आसयपत्र<br>• साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• ठेक्का इजाजतपत्र (नवीकरण भएको)को प्रतिलिपि र छाप।<br>• मूल्य अभिबृद्धि करमा दर्ता हुने करदाताले मू.अ.कर खरिद खाता र विक्री खाता १/१ थान समेत पेश गरि प्रमाणित गराइ लैजानु पर्ने । | शुल्क नलाग्ने | १ घण्टा | करदाता सेवा शाखा/ काउण्टर नं. २, ४, ६ र ७ | प्रमुख कर अधिकृत |
| २ | **व्यवसायसँग सम्बन्धित विवरण परिवर्तन गर्नको लागि (जस्तैःशाखा थप गर्न, व्यवसायको नाम, ठेगाना, उद्देश्य परिवर्तन लगायतका कार्य)** | परिवर्तन गरिनुपर्ने विषयसंग सम्बन्धित आवश्यकता पर्ने देहायका कागजात सहित निवेदन पेश गर्नुपर्ने<br>• स्थायी लेखा नम्बर दर्ताको प्रमाण-पत्र<br>• सम्बन्धित निकायबाट प्रमाणित भएको संशोधन गर्नुपर्ने विषयका प्रमाणहरु<br>• तोकिएको ढाँचामा शाखाको पूर्ण विवरण<br>• बहालमा भए सम्झौता, आफ्नै घर भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि | शुल्क नलाग्ने | सोही दिन | करदाता सेवा शाखा/ काउण्टर नं. २, ४, ६ र ७ | प्रमुख कर अधिकृत |
| ३ | **कर छुटको प्रमाण-पत्र लिनको लागि (आयकर ऐन, २०५८ को दफा २(ध) संग सम्बन्धित संस्थाको लागि)** | • संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, संस्थाको बिधानको प्रतिलिपि<br>• स्थायी लेखा नम्बर दर्ताको प्रमाण-पत्र<br>• लेखा परीक्षण प्रतिवेदन एवं प्रमाणित वित्तीय विवरण सहितको निवेदन | शुल्क नलाग्ने | २ घण्टा | करदाता सेवा शाखा/ काउण्टर नं. १४ | प्रमुख कर अधिकृत |
| ४ | **अन्तःशुल्क दर्ता एवं नविकरणको लागि** | • स्थायी लेखा नम्बर दर्ताको प्रमाण-पत्र को प्रतिलिपि<br>• सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र<br>• रीत पुर्वक भरिएको दरखात फारम<br>• नविकरणको लागि इजाजतको सक्कल प्रति लिई आउनु पर्नेछ। | व्यवसायको स्तर र प्रकृति अनुसारको रकम | २ घण्टा | करदाता सेवा शाखा/ काउण्टर नं. १० | प्रमुख कर अधिकृत |
| ५ | **कर चुक्ता प्रमाण-पत्रको लागि** | • सम्बन्धित आ.व.सम्मको आय विवरण लगायत सबै विवरणहरु दाखिला भएको<br>• गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>• पहिलो पटक कर चुक्ता प्रमाण पत्र लिने करदाताले विगत ४ (चार) आर्थिक वर्षको आय विवरण र सो साथ आवश्यक कागजात पेश गर्नु पर्ने<br>• सबै प्रकारको कर बक्यौता तथा बेरुजु नरहेको र कर सम्बन्धी कुनै दायित्व बाँकी नरहेको<br>• आफूले अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने कर तथा विवरण दाखिला भएको<br>• तोकिएको ढाँचामा दरखास्त फारम पेश गर्नुपर्नेछ । | शुल्क नलाग्ने | २ घण्टा | करदाता सेवा शाखा/ काउण्टर नं. २, ४,६ र १४ | प्रमुख कर अधिकृत |
| ६ | **मूल्य अभिबृद्धि कर समायोजन पत्रको लागि** | • सम्बन्धित कार्यालयको भुक्तानी विवरण,<br>• मूल्य अभिबृद्धि कर खरिद खाता, विक्री खाता एवं सम्बन्धित बीजकहरु<br>• पूरा व्यहोरा खुलाइएको निवेदन | शुल्क नलाग्ने | सोही दिन | सकलन शाखा/ काउण्टर न. १४) | प्रमुख कर अधिकृत |
| ७ | **कर फिर्ताको लागि** | • मूल्य अभिबृद्धि करको लागि अनुसूची १० बाट माग गरी कार्यालयमा जानकारी गराउने<br>• तोकिएका आवश्यक विवरणहरु तयार गरी परीक्षणको लागि खाता एवं बीजकहरु पेश गर्ने<br>• फिर्ता माग गरेको बढी दाखिला भएको रकमको प्रमाण पेश गरी सुनिश्चित गराउने | शुल्क नलाग्ने | सम्बन्धित ऐनले तोकेको अवधि भित्र | कर परीक्षण तथा कर फिर्ता शाखा | प्रमुख कर अधिकृत |
| ८ | **कर परीक्षण तथा अनुसन्धान** | • कार्यालयबाट माग भएका प्रमाण, विवरण तथा कागजातहरु परीक्षणका लागि उपलब्ध गराउने<br>• आवश्यकता अनुसार कारोवारस्थलको भ्रमण, निरीक्षण गर्न सहयोग गर्ने<br>• परीक्षण तथा अनुसन्धानमा पूर्ण सहयोग गर्ने | शुल्क नलाग्ने | कागजात प्रमाण पेश गरेको आधारमा | कर परीक्षण तथा कर फिर्ता शाखा | प्रमुख कर अधिकृत |
| ९ | **फायल स्थानान्तरण/ करदाताको कार्यक्षेत्र परिवर्तन गर्ने कार्य** | • पूरा व्यहोरा खुलाइएको निवेदन<br>• गत आ.व. सम्मको आय विवरण लगायत सबै विवरणहरु दाखिला भएको र कर चुक्ता भएको<br>• सम्बन्धित निकायमा व्यवसाय दर्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि | शुल्क नलाग्ने | २ घण्टा | करदाता सेवा शाखा/ काउण्टर नं. २, ४, ६ र ७ | प्रमुख कर अधिकृत |
| १० | **कर विवरण, आय विवरण बुझाउने तथा कर दाखिला गर्ने** | • शुरूमा एकपटक कार्यालयमा निवेदन पेश गरी User Name बनाई Password लिने<br>• विवरण दाखिला करदाता स्वयंले विद्युतीय माध्यमबाट Online प्रविष्टि गर्ने<br>• विवरण बमोजिमको तथा दाखिला गर्नुपर्ने कर रकम तोकिएको बैंकमा दाखिला गर्ने<br>• विद्युतीय माध्यम (e-payment) बाट समेत तोकिएको रकमसम्मको कर भुक्तानी गर्न सकिने<br>• डे-०१ आय विवरण बैंक भौचरमा भरेर तिर्नु पर्ने कर रकम सोहि भौचरबाट बैंक दाखिला गर्ने वा कनेक्ट आइ.पी.एस.को माध्यमबाट कर भुक्तानी र विवरण दाखिला हुने<br>• डे-०१ आय विवरणको कर चुक्ता समेत स्वचालित रुपबाट प्राप्त हुने । | शुल्क नलाग्ने | विद्युतीय माध्यमबाट जुनसुकै समय तत्कालै गर्न सकिने | करदाता स्वयंले जुनसुकै स्थानबाट र राजस्व दाखिला सम्बन्धित बैङ्कबाट | कार्यालयको सहायता कक्ष, कर अधिकृत, प्रमुख कर अधिकृत |
| ११ | **दर्ता स्थगन तथा खारेजी** | • व्यवसाय दर्ता गरेको निकायबाट खारेजी वा लगतकट्टा गरेको पत्र<br>• स्थगन वा खारेजी माग गरेको रीतपुर्वकको निवेदन, मू.अ.कर खारेजीको लागि अनुसूची ११ समेत<br>• कर परीक्षणको लागि माग भएका प्रमाण, विवरण तथा कागजातहरु परीक्षणका लागि उपलब्ध गराउने<br>• आवश्यकता अनुसार कारोवारस्थलको भ्रमण, निरीक्षण गर्न सहयोग गर्ने<br>• परीक्षण तथा अनुसन्धानमा पूर्ण सहयोग गर्ने | शुल्क नलाग्ने | कागजात प्रमाण पेश गरेको आधारमा | करदाता सेवा शाखा/ सहायता कक्ष, काउण्टर नं. ७ र कर परीक्षण शाखा | |

**द्रष्टव्यः** (१) आन्तरिक राजस्व विभागको Online मार्फत आवेदन फाराम (दरखास्त) पेश गर्ने, विभिन्न विवरणहरु दाखिला गर्ने तथा कर भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ। सेवाग्राही करदाताकोसुविधाको लागि करदाता स्वयंले प्रयोग गर्ने गरी २ थान कम्प्यूटर सहितको सहायता कक्ष राखिएको छ।

(२) भुक्तानी गर्नुपर्ने कर राजस्व रकम विद्युतीय माध्यमबाट वा बैंक दाखिला गर्ने प्रवन्ध रहेको छ। त्यसरी दाखिला हुने कर राजस्व बाहेक कार्यालयमा पेश गर्ने निवेदन, विवरण तथा फारामहरु एवं कम्प्यूटर प्रयोग लगायत सबै प्रकारको सेवा वापत कुनै शुल्क, दस्तुर बुझाउनु पर्ने छैन।

(३) बायोमेट्रिक दर्ताका लागि सम्बन्धित करदाता अनिवार्य उपस्थित हुनु पर्नेछ। बायोमेट्रिक दर्ता कोठा नं. मा सम्पर्क गर्नु होला।

(४) सेवा प्रवाहका सम्बन्धमा कुनै गुनासो वा सुझाव भएमा कार्यालय प्रमुख समक्ष राख्नु हुन अनुरोध छ। साथै कार्यालयमा रहेको सुझाव पेटिकामा वा टेलिफोन वा इमेलमा समेत गुनासो तथा सुझाव अपेक्षित छ ।